# सप्तरी जिल्ला अदालत

राजविराज

[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np


आ.व.२०७७/०७८

मितिः २०७८।३।२५।६

च.नं...३६०

**विषयः सूचना पठाइएको सम्बन्धमा ।**

श्री सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)
रामशाहपथ, काठमाडौं ।

उपरोक्त सम्बन्धमा मिति २०७८।३।२५ को यस अदालतको पूर्ण वैठको निर्णय अनुसार यस अदालतबाट थप सेवाप्रवाह सम्बन्धी सार्वजनिकरुपमा मिति २०७८।३।२५ गते प्रकाशित गरिएको सूचना प्रति-१ यसै पत्रसाथ राखी जानकारीका लागि पठाइएको व्यहोरा सादर अनुरोध छ।

..................................
(हेमवहादुर वुढाथोकी)
शाखा अधिकृत

**बोधार्थः**

श्री उच्च अदालत जनकपुर, धनुषा ।
श्री उच्च अदालत जनकपुर, राजविराज इजलास ।
श्री जिल्ला सरकारी वकिल कार्यालय, सप्तरी ।
श्री उच्च अदालत वार एशोसिएसन, राजविराज, सप्तरी ।
श्री सप्तरी जिल्ला अदालत वार ईकाइ राजविराज, सप्तरी ।

# सप्तरी जिल्ला अदालत
राजविराज
[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np


सूचना !          सूचना ! !          सूचना ! ! !

मिति २०७८।३।२५ गते शुक्रबार

यस अदालतवाट प्रदान गरिने न्यायिक सेवाहरूको हकमा मिति २०७८।१।१९ गते देखि सेवा संकुचन गरी सेवा प्रवाह गरिदै आएको र पुनः मिति ०७८।३।१८ मा प्रकाशित सूचना अनुसार मिति ०७८।३।२५ गतेसम्म पूर्ववतरुपमा तोकिएका सेवाहरु मात्र सुचारु गरिदै आएकोमा जिल्लाभित्र निषेधाज्ञा यथावत कायम रहेको र कोरोना संक्रमणसमेत हाल नियन्त्रणमा आई नसकेको अवस्था हुँदा सो सन्दर्भमा यस अदालतको मिति २०७८।३।२५ गते बसेको पूर्ण बैठकबाट देहायबमोजिम सेवा सुचारु गर्ने गरी निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट आम सेवाग्राहीहरुमा पर्न जाने असुविधाप्रति अदालत प्रशासन क्षमाप्रार्थी छ । यस सूचनाका सम्बन्धमा कुनै दुबिधा भए यस अदालतको टोल फ्रि नम्बर १६६०३१५२००५ र ०३१-५३००९४ मा सम्पर्क गरी जानकारी लिन सकिनेसमेत जानकारी गराइन्छ ।

(हेमबहादुर बुढाथोकी)
शाखा अधिकृत

<u>अदालतबाट सूचारु हुने सेवाहरु</u>

- मिति ०७८।३।२७ गते आइतबारदेखि टोकन प्रणालीका आधारमा दैनिक १५ (पन्ध्र) वटा सम्म फिराद पत्र दर्ता र साथै पेश भएका निवेदनको सुनुवाई गर्ने,
- मिति २०७८।३।२७ गते देखि सरकारवादी फौजदारी मुद्दाहरुमा आदेश बमोजिमको कार्य सम्पन्न भई अंग पुगेका थुनुवा मुद्दा तथा अंग पुगेका थुनुवा मुद्दामा तारेखमा रहेका पक्षले आफ्नो मुद्दा सुनुवाई गरी पाउँ भनी निवेदन दिन आएमा ती मुद्दाहरुको पेशी र सुनुवाई गर्ने
- उल्लेखित सेवाबाहेक अन्य सेवाहरुका हकमा यस अदालतको मिति ०७८।३।१८ को सूचना बमोजिम नै मिति २०७८।३।३१ गते बिहीबारसम्म यथावतरुपमा निरन्तरता दिई सेवा प्रवाह गर्ने ।
- उल्लेखित सेवाहरुबाहेक यस अदालतबाट भएका मुद्दा पेशी तथा अन्य तारेख लगायतका सम्पूर्ण काम कारवाहीहरु सूचनामा तोकिएको अवधिसम्म स्थगन गरिने र सूचना अवधीभर हदम्याद, म्याद र तारिख नगुज्रिने,
- मिति ०७८।३।३१ गते अगावै नेपाल सरकार, सर्वोच्च अदालत वा स्थानीय प्रशासनबाट कुनै निर्णय भई परिस्थितिमा परिवर्तन हुन गएमा पुनः निर्णय गरी सो बमोजिम सेवा प्रवाह सम्बन्धी अर्को सूचना प्रकाशन गरिनेछ ।